# छथर गाउँपालिका

१ नं प्रदेश, तेह्रथुम

# छथर गाउँपालिकाको प्रशासकीय कार्यविधि

# ( नियमित गर्ने) ऐन २०७४

# छथर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने)

# ऐन, २०७४

पारित मिति : २०७४/५/२८

<u>प्रस्तावनाः</u>

नेपालको संविधानको अनुसूची ८ र ९ तथा ,

बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले छथर गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१.<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u>** : (१) यो ऐनको नाम छथर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन छथर गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. <u>परिभाषा</u>** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले छथर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले छथर गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका"भन्नाले छथर गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा"भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनुपर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकार** : (१) नेपालको संविधानको बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने

कार्यविधि नियमित गर्नको निमित्त छथर गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही छथर गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।